<u>गुर्भाकोट नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम कार्यविधि, २०७९</u>

परिच्छेद १

<u>प्रारम्भिक</u>

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>**१) यस कार्यविधिको नामः गुर्भाकोट नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम कार्यविधि, २०७९ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

**<u>२. परिभाषा:</u>**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) नगरपालिका भन्नाले गुर्भाकोट नगरपालिकालाई सम्झनुपर्दछ ।

ख) जनता आवास भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास इकाई सम्झनुपर्दछ ।

ग) कार्यक्रम भन्नाले जनता आवास कार्यक्रम सम्झनु पर्दछ।

घ)आवास इकाई भन्नाले भन्नाले लाभग्राही घर धनीले पाउने घर सम्झनु पर्छ।

च) लाभग्राही भन्नाले यस कार्यविधि बमोजिम छनोट भएको लाभग्राही घरधनी सम्झनु पर्छ ।

छ) लक्षित वर्ग भन्नाले कार्यक्रम लागु स्थानमा विगत देखी स्थायी रुपमा वसोवास गरेको नेपालको संविधान बमोजिम गठित विभिन्न राष्ट्रिय आयोगको सूचिकृत भएका बादी, गाईने, राउटे, बोटे राजि दलित विपन्न मुसुलमान तथा सावबसालि रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने र अति सिमान्तकृत जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ ।

**<u>३. लक्षित वर्गको पहिचान</u>**

१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिनेछ ।

क) विगत देखी सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

ख) जग्गाधनी प्रमाणपूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु विगत लामो समय देखि सो स्थानमा बसोबास गरी आएको वडाको सिफारिस वा स्थानीय प्रशासनले गरेको सर्जमिन मुचुल्का ।

ग) बिजुली धारा वा अन्य सूविधा शुल्क बुझाएको कागज ।

घ) लाभग्राही बसोबासि गर्दै आएको घरको भौतिक अवस्था ।

ङ) गरिविको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धितवडाको सिफारिस ।

च) प्रकोपका कारण घरवारविहिन भएको हकमा सम्बन्धित वडाको सिफारिस ।

**<u>४. लाभग्राहिको छनौटको आधार तथा विधिः</u>**

१. सम्बन्धित वडाको समन्वयमा नगरस्तरिय सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनोट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो, जग र छानाको किसिमको आधारमा अनुसूचि १ बमोजिम अङ्क प्रदान गर्ने । तर अनुसंचि १ को क्रमसंख्या ४, ५ र ६ बाट कुनै अङ्क प्राप्त नगर्ने लाई लाभग्राहीका रुपमा छनोट गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरधनीले पहिलो प्राथमिकता पाउने छ, त्यसपछि क्रमैसंग अङ्क प्राप्त गर्ने घरधनीलाई लाभग्राहीको रुपमा छनौट गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरधनीलाई पहिलो प्राथमिकता दिईनेछ ।प्रकोपको कारण घरवार बिहिन भएका परिवारले आवास निमार्ण वा मर्मत को लागि त्यस्तो परिवारलाई समेत प्राथमिकता दिइनेछ ।

(४) उपदफा १ र २ बमोजिक बढी अंक प्राप्त गर्ने र उपदफा ३ बमोजिम प्राथमिकता प्राप्त गर्नेलाई एक पटकको लागी एउटा आवास अर्थात घरको लागि अनुदान रकम पाउने छ ।उपदफा १ बमोजिकको अंकको आधारमा सुरक्षित जनता आवास समन्वय समितिले क्रम संगै निजको निवेदन र सिफारिसको आधारमा समेत एकपटको लागि आवास अथवा आवास मर्मत र खर वा फुसका छाना भएका घरमा जस्तापाता काठ लगायतका सामाग्रीहरुको उपलब्धताको लागि एकपटक अनुदान रकम प्रदान गरिनेछ ।

(५) उपदफा (१) सगोलामा रहेको परिवारले एक आवास वा जस्तापाता लगायतका सामाग्रीहरुको उपलब्धताको लागि अनुदान रकम पाउने छन् ।सगोल परिवार वा छुट्टिएको परिवारको सिफारिस सम्बन्धित वडाले गर्नुपर्ने छ । भान्सा र छाना अलग गरि बसेतापनि कानूनी रुपले संगै वा अलग नभएको परिवारलाई सगोलको परिवार मानिने छ ।

(६) उपदफा (१) देखि (५) बमोजिम छनौट भएका लाभग्राहीहरुको लागि विगत आर्थिक वर्ष देखि चालु आर्थिक वर्ष मा कार्यक्रम सम्पन्न नभएका वा क्रमागत वा अधुरा रहेका आवास इकाईहरु सम्पन्न गर्न आवश्यकबजेट विनियोजन गरे पछि मात्र नयाँ लाभग्राहीलाई बजेट विनियोजन गर्न सक्नेछ ।

## परिच्छेद २

## रकम तथा निर्माण सामाग्री सम्बन्धी

### ५. रकम उपलब्ध गराउने सम्बन्धमा

(१) छनोट भएका लाभग्राहीसंग अनुसूचि २ बमोजिमको दाँचामा अनुदान सम्झौता गर्नुपर्नेछ ।छनोट भएका लाभग्राहिहरुले अनिवार्य रुपमा बैकमा खाता खोल्नुपर्ने छ र यसरी खोलिएको खातामा नगरपालिकाले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई सम्झौता बमोजिमको रकम किस्ता स्वरुप उपलब्ध गराईने छ । एक आवास वा आवास मर्मतको हकमा तिन किस्तामा स्विकृत प्राविधिक लागत इस्टिमेटको आधारमा बढिमा ३लाखसम्म र खर वा फुसको छाना विस्थापित गर्ने प्रयोजनार्थ जस्तापाता काठ लगायतको निर्माण सामाग्रि खरिद गर्न अनुदान वाफतको हकमा स्विकृत प्राविधिक लागत इस्टिमेटको आधारमा दुई किस्तामा गरि बढिमा पचास हजारसम्म रकम उपलब्ध गराइनेछ
।

(२) उपदफा १ बमोजिम अनुदान रकम उपलब्ध गराउँदा सम्बन्धित लाभग्राहीसंग सम्झौता भएपछि आवासको हकमा पहिलो किस्तामा ३० प्रतिशित, प्राविधिक प्रतिवेदनको आधारमा(कार्य प्रगति) दोश्रो किस्तामा ३० प्रतिशत र कार्य सम्पन्न भयो भनी प्राविधिक प्रतिवेदन,अनुगमन प्रतिवेदन र सिफारिसको आधारमा अन्तिम किस्तामा ४० प्रतिशत रकम उपलब्ध गराइने छ ।तर कार्य प्रगति सन्तोषजनक नदेखिएमा किस्ता वाफतको रकम उपलब्ध गराउन बाध्य पारेको मानिने छैन । खर वा फुसको छानो विस्थापित गर्ने प्रयोजनार्थ जस्तापाता काठ लगायतको सामाग्रि खरिदको अनुदानमा पहिलो किस्ता मार्फत ४० प्रतिशत र कार्य सम्पन्न भयो भनी प्राविधिक प्रतिवेदन,अनुगमन प्रतिवेदन र सिफारिसको आधारमा अन्तिम किस्ता ६० प्रतिशत उपलब्ध गराइनेछ । तर कार्य प्रगति सन्तोषजनक नदेखिएमा किस्ता वाफतको रकम उपलब्ध गराउन बाध्य पारेको मानिने छैन ।

### ६. अनुदान रकम असुल उपर गराइनेः

कुनै व्याक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान रकम उपलब्ध गराईएको हो, सोही प्रयोजनमा खर्च नगरी वा अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको तिस दिन भित्र नगरेमा नगरपलिकाले सम्बन्धित लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्नेछ।

**<u>७. निर्माण सम्पन्न भएको मानिने:</u>**

नगरपालिकाको प्राविधिकबाट अनुसूचि ३ बमोजिम कार्य समपन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन र सम्बन्धित वडाको सिफारिसको आधारमा निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद ३

## <u>समिति सम्बन्धी</u>

**<u>८. नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समितिः</u>**

(१) कार्यक्रम कार्यान्वय सम्बन्धि आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय व्यवस्थापन र नियमन गर्नको लागि देहायबमोजिम नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समितिः

क नगर प्रमख संयोजक

ख नगर उपप्रमुख सदस्य

ग प्रमुख प्रशासकिय अधिकृत सदस्य

ग नगरकार्यापालिकाको भौतिक पूर्वाधार सम्बन्धि समितिको संयोजक सदस्य

घ संयोजकले तोकेको १ जना कार्यापालिकाको महिला सदस्य सदस्य

ङ योजना शाखाको प्रमुख सदस्य

च प्राविधिक शाखाको प्रमुख सदस्य सचिव

(२) आवश्यकता अनुसार विज्ञ जानकारहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बैठक बस्नेछ ।

**<u>१०.नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समितिको काम कर्तव्य र अधिकार:</u>**

क.उपलब्ध बार्षिक बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयनका लागि लाभग्राहीको संख्या र क्षेत्र निर्धारण गर्न ।

ख. लाभग्राहीहरुलाई उपलब्ध गराईने अनुदानको रकम निर्धारण तथा पुनरावलोकन गर्न ।

ग. कार्यक्रम कार्यान्यनको क्रममा आईपरेका बाधा अड्चन फुकाउने ।

घ. आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने गराउने ।

ङ. लाभग्राहीहरुका गुनासोहरुको व्यवस्थापन गर्ने ।

**<u>११. तालिम सम्बन्धि व्यवस्था:</u>**(१) नगरपालिकाले आवास निर्माण कार्यमा संलग्न जनशक्तिहरुलाई तालिमको व्यवस्था गर्नेछ ।

(२) लाभग्राहीलाई सुशुचित गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

**<u>१२.सम्पर्क एकाई सम्बन्धी व्यवस्था:</u>**

(१) प्रस्तुत कार्यक्रमको सम्पर्क एकाईको रुपमा नगरपालिकाले लिनेछ ।

(२) नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समिति मा प्रतिनिधित्व गरी सम्बन्धित लाभग्राहीको पहिचान गर्न आवश्यक कार्य गर्न ।

(३) नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समितको निर्णय बमोजिम लाभग्राहीको निवेदन संकलन गर्न सात दिने सूचना जारी गरी निवेदन संकलन गर्ने

(४) प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न प्राविधिक पठाउने ।

(५) प्राप्त अनुदानको परिधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो, दोश्रो तथा अन्तिम किस्ता वाफतको अनुदान रकम उपलब्ध गराउने,कार्य सम्पन्न भएको अभिलेख राख्ने र प्रगति विवरण समन्वय समितिमा पेश गर्ने ।

**परिच्छेद ४**

**विविध**

**१३. कन्टिन्जेन्सि खर्चको व्यवस्था:** कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न दुई प्रतिशत सम्म कन्टिन्जेन्सी खर्च वाफत रकम छुट्याउन सकिनेछ ।

**१४. निर्देशन पालना गर्नुपर्ने:** नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समितिले कार्यक्रम कार्यान्वयनको शिलसिलामा दिएको निर्देशन सम्बन्धित सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

**१५. विवादको समाधान:**कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वय समिति बाट दिइने निर्णय अन्तिम हुनेछ ।

**१६.कारवाही** हुने:अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्धेश्यले कुनै व्याक्तिले झुठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्याक्तिलाई प्रचलित कानून बमोजिम कारवाहि हुनेछ ।

**१७. सुविधा नपाउने:**नेपाल सरकारबाट प्रकोप व्यवस्थापनवा जोखिम वस्ती स्थानान्तरण भुकम्प पुननिर्माण जस्ता अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्त्र गराईने छैन ।

**१८.बेचबिखन गर्न नपाउने:**लाभग्राहिले आवास इकाई निर्माण समपन्न भएको मितिले दश बर्ष सम्म बेचबिखन गर्न पाउनै छैन ।

**१९ फरफारक हुने:** कुनै लाभग्राहिले विशेष कारणबश निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण भएको कार्यको मुल्याङ्कन गरी सोको खर्च नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम समन्वयन समितिको निर्णय बमोजिम फरफारक गर्न सकिने छ ।

**२०.गैरसरकारी संस्थाको सहयोग लिन सक्ने:**कार्यक्रम कार्यान्यवनको लागि गैर सरकारीसंस्थाबाट आवश्यक प्राविधिक सहयोग लिन सक्नेछ **तर**

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## लाभग्राहीको छनौटका आधारहरु

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ३० भन्दा कमलाई — १०<br>३० देखी ६० सम्म — ५<br>६० भन्दा बढी - ० | |
| २. | घर भित्रको भुईं | माटो — १०<br>ईटा ढुङ्गा आदी — ५<br>सिमेन्ट — ० | जम्मा फ्लोर एरियाको ५० प्रतिशशत वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने |
| ३. | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/ स्याउलाको टाटी- १०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी — ५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्ट जोर्नी - ० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने । |
| ४. | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि — १०<br>खपटा, टायल, टिन — ५<br>ढलान, कर्कट पाता — ० | आसवेटस छाना स्वास्थको लागि हानिकारकार छ । |
| ५. | घरको जग | कमजोर १०<br>मध्यम ५<br>बलियो ० | |
| ६. | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको — १०<br>अन्यत्र जग्गा भएको — ० | |
| ७. | घरमुलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ, बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएका — १०<br>अन्य — ० | |

अनुसूची—२

दफा)५ को उपदफा )१(सँग सम्बन्धित (

अनुदान सम्झौता पत्र घरबनाउने वा छाना छाउने

१. सम्झौता गर्ने पक्षहरुः ............................. र ................................ ।

२. कार्यक्रम स्थलः जिल्लाः ..................... गाँउपालिका/नगरपालिकाः ....... वडा नं. : .....................

३. उद्देश्यः क) आवास निर्माण ख) छाना छाउने

४. कुल लागतः ........................................ (लाभग्राहीको सहभागिता वापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः

................................ :शुरु हुने मिति (क)

................................ :पुरा हुने मिति (ख)

६. खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिनेः

(१) नगद रुपैयाः .....................

(२) निर्माण सामग्रीः ................

:लाभग्राहीबाट व्यहोरिने रकम (ख)

(१) नगद रु ...........................

(२) निर्माण सामग्री (मूल्यमा) ..........

(३) श्रम (मूल्यमा): .........................

(४) कुल रकमः ..............................

७. भुक्तानी ढाँचाः अनुदान रकमको भुक्तानी दफा ६ मा उल्लेख भए अनुसार हुनेछ ।

८. सम्झौताका शर्तहरः

(क) स्वीकृत नाप नक्शा अनुसारको निर्माण गर्नु पर्नेछ ।

(ख) लागत सहभागिता वापत कम्तिमा १० प्रतिशत जनश्रमदान हुनेछ

(ग) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउने र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

९ बैक खाता विवरण

बैक खाता नं..................

खातावालाको नाम र थर................

बैकको नाम........................

बैकको शाखा.............

१० इच्छाएको व्यात्तिको नाम र थर ..........

लाभग्राहीसंगको नाता.........................

११ सम्झौताका पक्षहरुः

| **नगरपालिकाको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| अधिकार प्राप्त कर्मचारीको नाम.............. | लाभग्राहीको नामः.......... |
| पद..................... | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| रोहवर<br>() श्री .................. | साक्षीः<br>() श्री .................. |
| | |

<u>**अनुसूचि ३**</u>

निवेदनको ढाँचा

| | |
|---|---|
| दर्ता नः | फोटो |
| मितिः | |

श्री प्रमुख प्रशासकीय अधिकृत
गुर्भाकोट नगर कार्यापालिकाको कार्यालय
शुभघाट, सुर्खेत ।

विषयःसुरक्षित जनता आवास कार्यक्रम छनोटको सम्बन्धमा ।

महोदय

उपरोक्त सम्बन्धमा गुर्भाकोट नगरकार्यापालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुरक्षित जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ को दफा ३ बमोजिम लक्षितवर्ग एवं लाभग्राहीको पहिचानका आधारहरु भित्र म/हामी पनि पर्ने भएकोले मेरो परिवारका लागि आवास निर्माण गरी बसोबासको व्यवस्था मिलाईदिनहुनको लागि तपशिलका कागजातहरु यसै निवेदनका साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

| क स | तपशिल | कैफियत |
|---|---|---|
| १ | घरमुलिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | (क) छ (ख) छैन |
| २ | जग्गाधनीको प्रमाणपत्रको प्रतिलिपी/विगत देखी त्यस स्थानमा स्थायीरुपमा बसोबास गरेको सम्बन्धित वडाको सिफारिस/ मालपोत वा स्थानीय निकायमा आफु बसोबास गरिरहेको आवास/जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी वा प्रमाण खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रतिलिपी । | (क) छ (ख) छैन |
| ३ | बिजुली धारा वा अन्य सूविधा शुल्क बुझाएको प्रमाणपत्रको प्रतिलिपी | (क) छ (ख) छैन |
| ४ | एकाघर भई छुट्टिएको घरधुरीले आवेदन फाराम साथ अनिवार्य अंशबण्डा/छुट्टिएको प्रमाण/सिफारिस कागजात पेश गर्ने । | (क) छ (ख) छैन |
| ५ | दलित/अति सिमान्तकृत/लोपोन्मुख /विपन्न मुसलमान आदी कुन वर्गमा पर्छ प्रमाण खुल्ने कागजात | क) छ (ख) छैन |

मैले पेश गरेको प्रमाणहरु सहि छ झुठा ठहरे कानून बमोजिम सहुँला ।

निवेदकको

| | |
|---|---|
| नाम.......................... | हालको ठेगाना |
| सही.......................... | जिल्ला......... |
| बुवा/ससुराको नाम...................... | नपा........... |
| बाजे ससुराको नाम......................... | वडा नं........... |
| परिवार संख्या............... | गाँउ/टोल........ |
| सम्पर्क फो नं | |

निवेदकको औठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

कार्यालयको तर्फबाट सिफारिस
दस्तखत
नाम, थरः
पदः
कार्यालयको छाप